"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita (Half-Yearly) (अर्ध-वार्षिक)

2012 - International Year of COOPERATIVES

वर्ष १, अङ्क १ सन २०१२ माघ-असार, २०६८/०६९

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको आठौं वार्षिक साधारणसभा भक्तपुरमा सम्पन्न

# सहकारी क्षेत्रका कोषहरू राष्ट्रिय सहकारी बैंकमार्फत लक्षित वर्गमा पुऱ्याउन माग

भक्तपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको आठौं वार्षिक साधारणसभा भक्तपुर जिल्लाको बोडेस्थित नेपाल कृषि विकास बैंकको केन्द्रीय तालिम केन्द्रमा २०६८ मंसिर २८ गते सम्पन्न भयो ।

साधारणसभाले बैंकको गत वर्षको आर्थिक तथा प्रगति प्रतिवेदन पारित गर्नुका साथै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरेको थियो । साधारणसभाको उद्घाटन कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्तले गर्नुभएको थियो । उहाँले सहकारी बैंकलाई सहकारी क्षेत्रको केन्द्रीय बैंक बनाउन, राज्यका कोषहरुलाई सहकारी बैंक मार्फत लक्षित वर्गमा पुऱ्याउन र देशको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई सबल बनाउन आवश्यक रहेको बताउनुभएको थियो ।



*भक्तपुरमा राष्ट्रिय सहकारी बैंकको आठौं वार्षिक साधारणसभाको उद्घाटन गर्दै कृषि तथा सहकारी मन्त्री नन्दकुमार दत्त*

साधारणसभाको उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडाल, पूर्व स्थानीय विकास मन्त्री राजेन्द्र पाण्डे, सभासद तथा बैंकका सल्लाहकार केशव नेपाल, सभासद तिलबहादुर थापा, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष सरोजकुमार शर्मा, राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष तथा बैंकका सल्लाहकार दिपकप्रकाश बाँस्कोटा, नेपाल राष्ट्र बैंकका गभर्नर तथा बैंकका पूर्व सल्लाहकार डा.युवराज खतिवडा, सहकारी विभागका रजिष्ट्रार सुदर्शन ढकाल, तरकारी तथा फलफूल केन्द्रीय सहकारी संघका अध्यक्ष विनोद पराजुलीले सहकारी बैंकलाई सबै सहकारीको केन्द्रीय बैंकका रुपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रम बैंक सञ्चालक

बाँकी १३ पेजमा ..............

## आज अन्तर्राष्ट्रिय सहकारी वर्षको उद्घाटन हुदै

काठमाडौं/संयुक्त राष्ट्र संघले सन २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने निर्णय गरे अनुसार नेपालले पनि अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउदै छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउन गठन गरेको राष्ट्रिय समितिले आज माघ १३ गते काठमाडौंको खुल्लामञ्चबाट सहकारी वर्षको शुरुवात गर्दैछ । प्रधानमन्त्री डा.बाबुराम भट्टराईले अन्तर्राष्ट्रिय सहकारी वर्षको उद्घाटन गर्दै हुनुहुन्छ ।

2012 - International Year of COOPERATIVES

आज बिहान ११ बजे प्रधानमन्त्रीले खुल्लामञ्चमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ । काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लाका विभिन्न सहकारी संघ संस्थाहरुबाट झाँकी, बाजागाजा सहितको ऱ्याली खुल्ला मञ्चमा आउदैछ ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउनका लागि कृषि तथा सहकारी मन्त्रीको संयोजकत्वमा ५१ सदस्यीय राष्ट्रिय समिति र जिल्ला जिल्लामा स्थानीय विकास अधिकारीको

बाँकी ११ पेजमा ..............

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

सल्लाहकार
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

प्रकाशन उप-समिति
संयोजक- सरिता भट्टराई
सदस्य - हरिहरनाथ योगी

सम्पादक
रामबहादुर जि.सी.

सहयोगी
भाषा शर्मा
हिरा सुनार
सुरेश खनाल

ठेगाना
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन:०१-५०११७८२/फ्याक्स ०१-५५५५६८७
Email: sahakaritacontact@gmail.com
Email: info@coopbank.com.np
Website: www.coopbank.com.np

मुद्रण :
दक्षिणकाली छापाखाना, काठमाडौं फोन :०१-४३८६६१२

# सम्पादकीय

## अन्तर्राष्ट्रिय सहकारी वर्ष सफल पारौं

२०६० असार २५ गते दर्ता भएर २०६१ साउन १९ गतेदेखि कारोबार शुरु गरेको राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारी क्षेत्रको सशक्त र सबैभन्दा ठुलो वित्तिय संस्थाका रुपमा स्थापित भएको छ। बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारीहरुको छाता संगठन राष्ट्रिय सहकारी संघ लि., केन्द्रीय सहकारी संघहरु लगायत देशभरका ३ हजार ६ सय ५५ भन्दा बढी सहकारी संघ संस्थाहरु आवद्ध छन्। प्रारम्भिक सहकारीहरुदेखि नेपाल सरकारसम्मलाई वित्तिय रुपमा एकठाउँमा सहभागी गराउन सक्ने प्रावधान सहितको राष्ट्रिय सहकारी बैंक सदस्यहरुको हिसाबले सबै भन्दा धैरै जिल्लामा फैलिएको, धैरै सदस्य भएको, धैरै शाखा भएको वित्तिय संस्था हो। सहकारी बैंकलाई सबै सहकारीहरुको केन्द्रीय बैंक बनाउन, सहकारी बैंक ऐन ल्याउन तथा नेपाल सरकारले सहकारी क्षेत्रमा गर्ने सम्पूर्ण लगानी सहकारी बैंक मार्फत लक्षित वर्गमा पुऱ्याउनका लागि राज्य लगायत सबै सरोकार वालाहरुको ध्यान जान जरुरी छ।

संयुक्त राष्ट्रकसंघले सन २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षका रुपमा मनाउने घोषणा गरे अनुसार नेपालमा पनि अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाइँदैछ र आज यसको विधिवत उद्घाटन हुँदैछ। '*सहकारी व्यवसायद्वारा समृद्ध विश्वको निर्माण*' भन्ने नाराका साथ मनाउन लागिएको अन्तर्राष्ट्रिय सहकारी वर्षको मुख्य उदेश्य सहकारी अर्थव्यवस्थाका बारेमा सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने र सहकारीका सिद्धान्त तथा मूल्यहरुलाई व्यवहारमा उतार्न अभिप्रेरित गर्नु, सहकारी क्षेत्रको पहुँच अभिवृद्धि गर्ने र यसको उपादेयता वृद्धि गर्नु तथा सहकारी अर्थव्यवस्थाको विकास, विस्तार र प्रबर्द्धनका लागि उपयुक्त नीतिको निर्माण, कानुनहरुको परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानुनहरूको तर्जुमा र संस्थागत क्षमता बढाउनु हो। सहकारी क्षेत्रलाई जनताका बीचमा पुऱ्याउनुका साथै यो क्षेत्रको प्रभावकारितासँगै आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहभागी गराउनका लागि यो वर्षले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्छ। नेपाल सरकारले कृषि तथा सहकारी मन्त्रीको संयोजकत्वमा अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ राष्ट्रिय समिति तथा जिल्लास्तरमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्ला समितिहरु गठन गरेको छ। यी समितिहरु सहकारी अभियानका विभिन्न संघ-संगठनहरुबीच समन्वय गरी सहकारी अभियानलाई व्यापक बनाउन विभिन्न किसिमका गतिविधिहरु सञ्चालन गर्न आवश्यक छ। सबै सहकारीकर्मीहरु एकतावद्ध भएर अन्तर्राष्ट्रिय सहकारी वर्षलाई सफल पारौं।

# अध्यक्षको मन्तव्य


अध्यक्ष, रमेश पोखरेल

राष्ट्रिय सहकारी बैंक लिमिटेड सम्पूर्ण सहकारी संघ संस्थाहरुको प्रवर्द्धन, विकास एवं तिनीहरुको वित्तिय आवश्यकतालाई पूरा गरी ती संघ संस्थाहरुलाई बैंकिङ सेवामा पहुँच दिन तथा अन्य वित्तिय सेवा सुविधाहरु उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग पुऱ्याउने उदेश्यले खोलिएको सहकारी क्षेत्रको मुलुककै एक मात्र बैंक हो। यस बैंकले सहकारी संघ संस्थाबीच मात्र कारोबार गर्ने गर्दछ। मुलुकको एक मात्र सहकारी बैंक भएकाले यसले देशभरी छरिएर रहेको सहकारी संघ संस्थाहरुलाई सेवा, सुविधा उपलब्ध गराउनुपर्ने र आवद्धता गराउनुपर्ने भएको हुदाँ शाखा पद्धतीय हिसावले यसले आफ्नो कारोबार तथा संरचनालाई अगाडि बढाएको छ। हाल केन्द्रीय कार्यालयका अतिरिक्त २५ शाखा कार्यालय स्थापना भइसकेका छन्। राष्ट्रिय सहकारी बैंकले आफ्ना सदस्य संघ सस्थालाई विगत वर्षदेखि नै मुनाफा वितरण गर्दै आएको छ।

राज्यले अर्थतन्त्रका ३ स्तम्भ मध्ये एक स्तम्भका रुपमा स्वीकार गरेको सहकारी क्षेत्रको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको छ। सहकारी क्षेत्रले नेपालको कुल वित्तिय क्षेत्रको १५ प्रतिशत भन्दा माथि योगदान रहेको र गणितीय हिसावले आफ्नो र सदस्यहरुको कारोबार जोड्दा उच्च हुने हुँदा बैंकले सिंगो मुलुकको अर्थतन्त्रमा उच्च योगदान गरेको छ। २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकले सम्पूर्ण वित्तिय जवाफदेहीता सहितको स्वीकृति प्रदान गरेको छ। बैंकले आगामी योजना अन्तर्गत बैंक ऐन बनाउने, एबिबिएस सेवा सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) को सदस्यता लिने, विभिन्न कोष परिचालनका लागि सरकारलाई अनुरोध गर्ने, सहकारी क्षेत्रको सबै बजेट सहकारी बैंक मार्फत परिचालित गर्ने, यसै आर्थिक वर्ष भित्र ४० ठाउँमा शाखा पुऱ्याउने, कर्जा सूचना केन्द्र सञ्चालनका लागि पहल गर्ने तयारी गरेको छ। अन्तर्राष्ट्रिय सहकारी वर्ष सन् २०१२ उद्घाटनको अवसर पारेर बैंकको मुखपत्रका रुपमा "सहकारिता" पत्रिका सार्वजनिक गरिदैछ। पत्रिकाले बैंकका गतिविधि सदस्य तथा आम जनतामा पुऱ्याउन सहयोग पुऱ्याउने अपेक्षा लिएको छु। पत्रिका प्रकाशनमा जुट्ने सबैलाई धन्यवाद सहित अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ को सफलताको कामना गर्दछु।

# प्रबन्ध सञ्चालकको मन्तव्य


प्रबन्ध सञ्चालक के.बी. उप्रेती

राष्ट्रिय सहकारी बैंक लिमिटेड स्थापनाको प्रमुख उद्देश्य नेपालभर स्थापना भएका सम्पूर्ण सहकारी संघ संस्थाहरुको प्रवर्द्धन, विकास गर्नु र तिनीहरुको वित्तिय आवश्यकताहरुलाई पुरा गरी ती संघ संस्थाहरुलाई बैंकिङ सेवामा पहुँच दिन तथा ति निकायहरुलाई वित्तिय सेवा सुविधाहरु उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग गर्नु हो। सोही उदेश्य परिपूर्ति गर्नका लागि २०६० साल असार २५ गते सहकारी विभागमा यो बैंक दर्ता भएको हो। नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ, विषयगत केन्द्रीय सहकारी संघहरु, जिल्ला संघ, विषयगत जिल्ला संघहरु र प्रारम्भिक सहकारी संस्थाहरु सदस्य बनाई तिनीहरुको वित्तिय आवश्यकता पूरा गर्न विभिन्न बचत तथा निक्षेप योजनाहरुमा आकर्षक ब्याजदर दिई समय सापेक्ष व्याजदरमा कर्जा उपलब्ध गराउने गरेको र सदस्यहरुको तर्फबाट बैंक ग्यारेण्टी तथा वित्तिय सुविधा उपलब्ध गराउने नीति तथा कार्यक्रमहरु अवलम्बन गर्दै आवश्यकता र आत्मनिर्भरताको विचार गरी सदस्य संस्थाहरुलाई सेवा सुविधामा वृद्धि गर्ने, शाखा विस्तार गर्दै सदस्य, चुक्तापूँजी र निक्षेप कारोबार वृद्धि गर्दै मुनाफामा समेत वृद्धि गरी लाभांशमा समेत क्रमश वृद्धि गर्दै जाने कार्यक्रम बैंकले सञ्चालन गरेको छ। ३६५५ भन्दा बढी संघ संस्थाहरुलाई वित्तिय कारोबारमा सहभागी गराएकोले समाजमा रोजगारी सिर्जना गर्न, नेतृत्व विकास गर्न र आर्थिक, सामाजिक उन्नतीमा समेत यस बैंकले टेवा पुऱ्याएको छ भने सरकारले राष्ट्रिय योजनामा समेत तीन खम्बा मध्ये एक खम्बा सहकारी क्षेत्रलाई मानेको हुँदा सहकारी आन्दोलनलाई अगाडि बढाउन सहकारी बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

अन्तर्राष्ट्रिय सहकारी वर्षको अवसर पारेर बैंकले अर्धवार्षिक पत्रिका प्रकाशन शुरु गरेको छ। बैंकको अवस्थाका बारेमा आफ्ना सदस्यहरु र आम जनतालाई जानकारी गराउनका लागि बैंक सञ्चालक समितिको निर्णय अनुसार पत्रिका प्रकाशन गरिएको हो। पत्रिका तयार गर्न निरन्तर रुपमा खट्ने प्रकाशन उप-समिति, सम्पादन मण्डल र सहयोग गर्ने कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु। साथै अन्तर्राष्ट्रिय सहकारी वर्ष सन २०१२ को पूर्ण सफलताको कामना गर्दछु।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको संक्षिप्त परिचय



**सरिता भट्टराई**
**सञ्चालक, राष्ट्रिय सहकारी बैंक लि.**

नेपालको सहकारी आन्दोलनको संस्थागत विकासको शुरुवात वि.स. २०१० सालमा सहकारी विभागको स्थापनासँगै प्रारम्भ भएको हो। झण्डै चार दशकसम्मको त्यस समयावधीमा सहकारी क्षेत्रलाई राज्यद्वारा नियमित नियन्त्रण एवं प्रवर्द्धनका बाबजुद पनि यस क्षेत्रले अपेक्षित सफलता खासै हासिल गर्न नसकेको तथ्य आज कसैबाट लुकेको छैन। वि.स.२०४८ सालमा सहकारी ऐन लागु भएपश्चात नेपालको सहकारी आन्दोलनको रुपमा नै आमूल परिवर्तन आयो। त्यसपछि मुलुकभर विभिन्न उदेश्यका विषयगत तथा बहुउद्देश्यीय सहकारी संघ संस्थाहरुको स्थापनामा द्रुतगतिले बृद्धि भई संख्यात्मक रुपमा यस क्षेत्रले ठुलो फड्को मार्‍यो। तर सहकारी क्षेत्रले अपेक्षित दिगो तथा गुणात्मक विकास चाँहि अझै सामाना गर्नुपर्ने चुनौतीको रुपमा रहेको देखिन्छ। सहकारी आन्दोलनको यस्तो परिस्थितिमा सबै सहकारी संघ संस्थाहरुलाई एकरुपता प्रदान गर्न, वित्तिय सन्तुलन ल्याउन, मुलुकभरी छरिएर रहेको पूँजी, सीप र साधनहरुलाई एकीकृत रुपमा परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न, ती संघ संस्थाहरुलाई थोक कर्जाको रुपमा वित्तिय साधन र अन्य सेवा तथा सुविधाहरु उपलब्ध गराई यस क्षेत्रको विकासमा सहयोग पुर्‍याउन, नीतिगत रुपमा नेपाल सरकारले राष्ट्रिय सहकारी बैंकको आवश्यकता महसुस गरी सहकारी ऐन २०४८ लाई पहिलो संशोधन २०५७ को दफा २६ मा 'बैंक सम्बन्धी' आवश्यक उपदफा थप गरी आ.व.०५७/०५८ को वार्षिक बजेटमा यसलाई प्राथमिकता दिइ रु १ करोड रुपैयाँसमेत छुट्टयाएर सरकार र सहकारी विज्ञहरुले यसको कार्य प्रारम्भ गरिएको थियो।

राष्ट्रिय सहकारी बैंकको स्थापना देशभरका सहकारीकर्मीहरुको माग र दवावबाट आएको हो। बैंक स्थापनाका लागि प्रारम्भमा राष्ट्रिय सहकारी संघका तत्कालिन अध्यक्ष दिपकप्रकाश बाँस्कोटाको संयोजकत्वमा अर्थ मन्त्रालय, कृषि मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड र केन्द्रीय बचत तथा ऋण सहकारी संघका प्रतिनिधिहरु सदस्य रहेको एक समिति गठन गरिएको थियो। उक्त समितिले बैंक स्थापनाका लागि सहकारी संघ/संस्थाहरुलाई शेयर बिक्री गरी करिब १ करोड शेयर पूँजी संकलन गर्नुका साथै नेपालभरका सदस्य सहकारी संघ संस्थाहरुलाई २०५८ चैत्र ११ र १२ गते एक राष्ट्रिय भेला बोलाई बैंक स्थापनाका लागि आवश्यक कार्य गर्न एक 'तदर्थ सञ्चालक समिति' को चयन गरिएको थियो।

बैंक स्थापनाका लागि गठित 'तदर्थ समिति'ले बैंकको स्थापनाका लागि शेयर खरिद गरी बैंक सञ्चालनका लागि गरेको प्रयास स्वरुप 'राष्ट्रिय सहकारी बैंक' नामको यस सहकारी बैंकलाई नेपाल राष्ट्र बैंकको सिफारिसमा २०६० आषाढ २५ गते 'सहकारी ऐन-२०४८' को दफा २६ अनुसार विधिवत रुपमा सहकारी विभागमा दर्ता गराई प्रमाणपत्र प्राप्त गरिएको थियो। त्यसपछि बैंकले आफ्नो विनियम र सहकारी ऐन २०४८ अनुसार २०६० पुस १९ र २० गते प्रारम्भिक साधारणसभा गरी राष्ट्रबैंकले तोकेको योग्यता बमोजिम ५ वर्षका लागि सञ्चालक समिति र लेखा समितिको निर्वाचन सम्पन्न भएको थियो। यस बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरू बीच २०६१ श्रावण १९ गते देखि कारोवार गर्दै आएको छ। यस बैंकलाई २०६७ श्रावण १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त भएको छ। हाल यस बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ लिमिटेड, केन्द्रीय सहकारी संघहरू, विभिन्न जिल्ला सहकारी संघहरू, विषयगत जिल्ला सहकारी संघहरू, विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू समेत आबद्ध छन्। हालसम्म ६६ जिल्लाका ३६५५ भन्दा वढी शेयर सदस्य संघ-संस्थाहरुले ललितपुरको कुपण्डोलस्थित केन्द्रीय कार्यालय र विभिन्न ठाउँमा सञ्चालन भएका २५ शाखाबाट कारोवार गर्दै आएका छन्। बैंकमा हाल ८७ जना कर्मचारी कार्यरत छन्। बैंकले स्थापनाको छोटो समयमा नै सदस्य संघ संस्थाहरुको विश्वास हासिल गर्न सफल भएकोले लगातार रुपमा नाफामा संचालन हुँदै आएको छ।

**राष्ट्रिय सहकारी बैंकको तदर्थ सञ्चालक समिति**

१) अध्यक्ष : राजेशहरि जोशी
२) सदस्य : के.बी.उप्रेती
३) सदस्य : गोविन्दबहादुर मल्ल
४) सदस्य : रमेशप्रसाद पोखरेल
५) सदस्य : डि.बी. बम्जन
६) सदस्य : सि.बी. लामा
७) सदस्य : मुक्तिनाथ पाण्डे
८) सदस्य : विनोदकुमार अधिकारी (पदेन-सदस्य, रजिष्ट्रार, सहकारी विभाग)
९) सदस्य : विष्णुदत्त शर्मा (पदेन-सदस्य, राष्ट्रिय सहकारी संघ लि.)

## राष्ट्रिय सहकारी बैंक लि. को उद्देश्य

- सहकारीका सदस्य संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुर्‍याउने।
- नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग पुर्‍याउने।
- पूँजी अभाव भएका सहकारी संघ संस्थाहरुलाई कर्जा स्वरुप पूँजी सहयोग गरी व्यवसायिक वनाउने र क्रमशः पूँजीमा आत्मनिर्भर गराउदै लैजाने।

## राष्ट्रिय सहकारी बैंक लि.को महत्व

- सहकारी क्षेत्रको एक मात्र बैंक रहेको।
- ग्रामीण एवम् साना मझौला र ठूला उद्योगहरुमा लगानी गर्ने।
- ग्रामीण क्षेत्र एवम् शहरी क्षेत्रमा समेत बैकिङ कारोवार गर्ने।

- सदस्य सहकारी संघ-संस्थाको निक्षेप व्यवस्थापन र उपयुक्त लाभ उपलब्ध गराउने ।
- शिक्षा तालिम, व्यवसायिक योजना र प्राविधिक सेवा सुविधा उपलब्ध गराउने ।
- आवश्यक पूँजी व्यवस्थापनमा सहयोग गर्ने ।
- जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग गर्ने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समन्वय कायम गर्ने ।

**राष्ट्रिय सहकारी बैंक लि.का कार्यहरु**

- सहकारी संघ संस्थालाई कृषि उद्योग, सेवा व्यापार तथा अन्य व्यवसायिक कार्यको लागि स्थिर तथा चालु पूंजी उपलब्ध गराउने ।
- सहकारी संघ संस्थालाई आवश्यकता अनुसार कर्जा उपलब्ध गराउने, संघ संस्थाको निरिक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- स्वेदेशी तथा विदेशी सहकारी तथा निजी क्षेत्रसंगको संयुक्त लगानीमा सहकारी विकासका लागि आवश्यक कार्यहरु गर्ने ।
- आन्तरिक तथा वाह्य अवलोकन भ्रमण, शिक्षा तथा तालिम कार्यक्रमहरु संचालन गर्ने।
- आधुनिक प्रविधिलाई आत्मसाथ गर्दै दक्ष जनशक्ति निर्माण गर्ने।
- आवश्यकता अनुसार शाखा स्थापना गर्ने।
- निक्षेप, शेयर तथा अन्य पूँजी व्यवस्थापनमा बृद्धि गर्दै थप बैंकिङ कारोवार गर्ने।
- उत्कृष्ट सदस्य संघ संस्थालाई सम्मान एवं पुरस्कृत गर्ने
- समय सापेक्ष व्याज दरलाई रुपान्तरण गर्ने।
- आन्तरिक सूचना प्रणालीलाई थप व्यवस्थित गर्ने आदि ।

**बैकले हासिल गरेका उपलब्धीहरु**

- आर्थिक वर्ष २०६७/०६८ को नाफाबाट १० प्रतिशत लाभांश वितरण गर्न सफल हुनु।
- शाखाहरुको विस्तारसंगै सदस्य संघ संस्थाहरुको सहभागितामा बृद्धि गराउन सफल हुनु ।
- गत आर्थिक वर्षमा ९८ करोड निक्षेप संकलन गर्ने लक्ष्य रहेकोमा रु १ अर्व २३ करोड संकलन गर्न सफल भएको
- आर्थिक वर्ष ०६७/६८ मा ९० करोड कर्जा लगानी गर्ने लक्ष्य राखेकोमा ९२ करोड लगानी गर्न सकेको छ ।
- सहकारी लघुवित्त कार्यक्रम संचालनका लागि युवा स्वरोजगार कोष र विभिन्न बैंक तथा वित्तीय संघ/संस्थामा रहेको विपन्न क्षेत्र रकम प्राप्त गरी सोही बमोजिमका कार्यक्रम संचालन गर्न थालिएको ।
- राष्ट्रिय अन्तराष्ट्रिय निकायहरुसंग समन्वय गरि यस बैकलाई परिचित गर्न सफल हुनु ।
- यस बैंकले विभिन्न जिल्लामा साधारण सभा सम्पन्न गर्दै सहकारीकर्मीहरुलाई ऐक्यबद्ध गराउन सफल हुनु ।

**राष्ट्रिय सहकारी बैंकको पहिलो सञ्चालक समिति (२०६०/०६५)**

१) अध्यक्ष : राजेशहरि जोशी
२) प्रवन्ध सञ्चालक : के.बी.उप्रेती
३) सदस्य : गोविन्दबहादुर मल्ल
४) सदस्य : रमेशप्रसाद पोखरेल
५) सदस्य : डा. विदुर चालिसे
६) सदस्य : राममान श्रेष्ठ
७) सदस्य : नमराज सापकोटा
८) सदस्य : भागवत श्रेष्ठ
९) सदस्य : मार्कण्डेय उपाध्याय (पदेन-सदस्य रजिष्ट्रार, सहकारी विभाग)
१०) सदस्य : डिल्ली तिवारी (पदेन सदस्य, राष्ट्रिय सहकारी संघ लि.)

कानुनी सल्लाहकार : माधव बाँस्कोटा

**लेखा समिति :**
संयोजक- ओमप्रकाश शर्मा
सदस्य- कुलचन्द्र अधिकारी
सदस्य- गणेशप्रसाद बस्नेत

- निष्कृय रहेका जिल्ला संघ/विषयगत संघहरुलाई सक्रिय बनाई सहकारी अभियानलाई देशव्यापी बनाउनु ।

**बैंकको सदस्यता लिन सक्ने निकायहरु**

- प्रारम्भिक सहकारी संस्थाहरु
- विषयगत जिल्ला सहकारी संघहरु
- जिल्ला सहकारी संघहरु
- विषयगत केन्द्रिय सहकारी संघहरु
- राष्ट्रिय सहकारी संघ
- नेपाल सरकार

**बैंकको संचालक तथा लेखा समितिको ढांचा**

सहकारी संघ संस्थाहरुबाट प्रतिनिधित्व गरि निर्वाचित संचालक ९ जना, राष्ट्रिय सहकारी संघ लि. बाट पदेन १ जना, सहकारी विभागका रजिष्टार १ जना गरि जम्मा ११ जनाको संचालक समिति रहनेछ भने सघ संस्थावाट निर्वाचित १ जना संयोजक र २ जना सदस्य गरी जम्मा ३ जनाको लेखा समिति रहने व्यवस्था छ । बैंकले आवश्यकता अनुसार अन्य उप-समितिहरु गठन गरी कार्य सञ्चालन गर्दै आएको छ ।

**बैंकले सहकार्य गर्ने केन्द्रिय संघहरु**

१) राष्ट्रिय सहकारी संघ लि. नेपाल
२) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.
३) नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि
४) केन्द्रीय दुग्ध सहकारी संघ लि नेपाल
५) केन्द्रीय कफी सहकारी संघ लि.
६) केन्द्रिय तरकारी तथा फलफूल सहकारी संघ लि.
७) नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.
८) नेपाल कृषि सहकारी केन्द्रीय संघ लि
९) जूनार केन्द्रीय सहकारी संघ लि
१०) उखु केन्द्रीय सहकारी संघ लि
११) केन्द्रीय चिया सहकारी संघ लि
१२) केन्द्रीय संचार सहकारी संघ लि.
१३) विद्युत केन्द्रीय सहकारी संघ लि.
१४) केन्द्रीय स्वास्थ्य सहकारी संघ लि.

**राष्ट्रिय सहकारी बैंकले विषयगत सहकारी संघहरु संग निम्नानुसारको समन्वय गर्दै अगाडी वढन सक्नेछ ।**

- सदस्यता विस्तारमा सहयोग
- बैंङ्किग कारोवार गर्ने, गराउने कार्यमा सहयोग
- अध्ययन अवलोकन भ्रमणमा सहयोग
- सूचना प्रकाशन तालिममा सहभागिता
- सहकारी क्षेत्रको वित्तिय गतिविधिमा सहभागिता
- सहकारी क्षेत्रको वित्तिय नीति निर्माणमा एकरुपता
- सहकारी क्षेत्रको अन्य विविध वित्तिय गतिविधिमा सहयात्रा

**बैंकमा सदस्यता लिने व्यवस्था**

सदस्यता लिन सक्ने निकाय तथा सहकारी संघ संस्थाहरुले कम्तिमा १० कित्ता (रु.१००० को एक कित्ता) शेयर र रु ५०० प्रवेश शूल्क वापत को रकम बुझाइ बैंकको शेयर खरिद गर्न सकिनेछ । शेयर लगानीको आधारमा सदस्य संस्थाले बैकले तोकेको लाभांश प्राप्त गर्न सक्नेछ ।

**कारोवार गर्ने व्यवस्था**

संस्थागत शेयर सदस्यता प्राप्त गरे पश्चात बैंकद्वारा निर्धारित विभन्न वचत खाताबाट संस्थाको निक्षेप बचत गर्न सकिनेछ बचत अनुसारको भिन्न भिन्न व्याज त्रैमासिक रुपमा प्राप्त गर्न सकिने प्रावधान छ। साथै बैकको नियमानुसार शेयर सदस्य संघ-संस्थाहरुले कर्जा लिन पाउने छ।

**शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरु**

बैंकको शेयर खरिद गर्दा संघ संस्था दर्ता प्रमाण पत्र, संस्थाको विनियम, स्थायी लेखा

नम्वर PAN, अन्तिम वर्षको लेखा परिक्षण प्रतिवेदन, शेयर खरिद सम्बन्धि सञ्चालक समिति वा साधारणसभावाट गरेको निर्णय, संघ संस्थाको तर्फवाट तोकिएको प्रतिनिधिको नाम र नमूना हस्ताक्षर पत्र सहित परिचय पत्र, सबै सञ्चालकहरुको नाम थर पद ठेगाना सम्पर्क टेलिफोन र मोवाइल नम्वर आदि (सम्पूर्ण कागजातहरु संस्थाको आधिकारीक व्यक्तिबाट प्रमाणित गराउनु पर्नेछ) पेश गर्नुपर्ने।

अन्त्यमा, विद्यमान राजनीतिक अस्थिरता, तरलताको अभाव, विश्वव्यापी आर्थिक मन्दी, शेयर बजारमा देखा परेको नैराश्यपूर्ण अवस्था लगायत विभिन्न प्रकारका वाधा व्यवधानहरूका बावजुद पनि बैंकले आफ्नो निर्दिष्ट उद्देश्यका साथ कार्य गर्दै आएको छ। सहकारी संघ संस्थाले मात्र कारोवार गर्न पाउने एक मात्र यस सहकारी बैंक अब दिन प्रतिदिन सहकारी संघ-संस्थाहरुका लागि अपरिहार्य बन्दै गएको छ। यसको प्रवर्द्धन र सम्वर्द्धन गर्न राज्य तथा सहकारीकर्मीहरुको कांधमा चुनौती पूर्ण जिम्मेवारी आएको छ यसलाई एक जुट भएर अगाडी बढ्.ने प्रतिबद्धताका साथ जय सहकारी।

**वर्तमान सञ्चालक समिति**

**सल्लाहकारहरू :**
केशव बडाल, दिपकप्रकाश बाँस्कोटा, केशव नेपाल, डा.हरिकृष्ण उपाध्याय, विष्णुबहादुर के.सी., प्रा.डा.विश्वम्भर प्याकुरेल, भागवत श्रेष्ठ

**सञ्चालक समिति**
१) अध्यक्ष : रमेशप्रसाद पोखरेल
२) प्रवन्ध सञ्चालक : के.बी.उप्रेती
३) सदस्य : राजेशहरि जोशी
४) सदस्य : डा. विदुर चालिसे
५) सदस्य : गणेशप्रसाद बस्नेत
६) सदस्य : रामशरण शर्मा घिमिरे
७) सदस्य : सरिता भट्टराई
८) सदस्य : हरिहरनाथ योगी
९) सदस्य : मुकुन्द दाहाल
१०) सदस्य : सुदर्शनप्रसाद ढकाल (पदेन सदस्य- रजिष्ट्रार, सहकारी विभाग)
११) सदस्य : विजयराज घिमिरे (पदेन सदस्य- उपाध्यक्ष, राष्ट्रिय सहकारी संघ लि.)

**लेखा समिति :**
संयोजक- कुलचन्द्र अधिकारी
सदस्य- रामबहादुर जि.सी.
सदस्य- कुमार खत्री

**आमन्त्रित सदस्यहरू**
रवीकिरण ढकाल
देवराज पराजुली
ज्योतीप्रकाश सैंजु
केदार मानन्धर

# राष्ट्रिय सहकारी बैंक लि.का साधारणसभाहरू

## प्रारम्भिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को प्रारंम्भिक साधारणसभा २०६० पुस १९ गते शनिवार राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायको प्रमुख आतिथ्यतामा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वर काठमाडौंमा सम्पन्न भएको थियो। उक्त साधारणसभाले पहिलो सञ्चालक समिति र लेखा समिति निर्वाचित गरेको थियो।

## प्रथम वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को प्रथम वार्षिक साधारणसभा २०६२ बैशाख १६ गते शुक्रवार शिक्षा तथा खेलकूद मन्त्री राधाकृष्ण मैनालीको प्रमुख आतिथ्यतामा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वर काठमाडौंमा सम्पन्न भएको थियो।

## दोस्रो वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को दोस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते शनिवार बन तथा भू-संरक्षणमन्त्री गोपाल राईको प्रमुख आतिथ्यतामा अतिथि सदन बिराटनगर मोरङमा सम्पन्न भएको थियो।

## तेस्रो वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को तेस्रो वार्षिक साधारणसभा २०६३ पुस ८ गते शनिवार उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यतामा दिपेन्द्र सभागृह पोखरामा सम्पन्न भएको थियो।

## चौथो वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को चौथो वार्षिक साधारणसभा २०६४ पुस २१ गते शनिवार कृषि तथा सहकारी मन्त्री छविलाल विश्वकर्माको प्रमुख आतिथ्यतामा ललितपुरमा सम्पन्न भएको थियो।

## पाचौ वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को पाचौ वार्षिक साधारणसभा २०६५ पुस २० र २१ गते अर्थमन्त्री डा.बाबुराम भट्टराइको प्रमुख आतिथ्यतामा काठमाडौको नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको थियो। उक्त साधारणसभाले बैंक सञ्चालक समिति र लेखा समिति चयन गरेको थियो।

## छैठौ वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को छैठौ वार्षिक साधारणसभा २०६६ माघ २३ गते शनिवार संविधानसभाका अध्यक्ष सुवास नेम्बाङको प्रमुख आतिथ्यतामा झापाको मेचीनगर-३ धुलावारीमा सम्पन्न भएको थियो।

## सातौ वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को सातौ वार्षिक साधारणसभा २०६७ पुस २४ गते शनिवार संविधानसभाका अध्यक्ष सुवास नेम्बाङको प्रमुख आतिथ्यतामा काभ्रेको बनेपा नगरपालिका-६ मा सम्पन्न भएको थियो।

## आठौ वार्षिक साधारणसभा

राष्ट्रिय सहकारी बैंक लि.को आठौ वार्षिक साधारणसभा २०६८ मंसिर २८ गते शनिवार कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्तको प्रमुख आतिथ्यतामा भक्तपुरको बोडेस्थित कृषि विकास बैंक लि.को केन्द्रीय तालिम केन्द्रमा सम्पन्न भएको थियो।

2012 - International Year of COOPERATIVES

अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ सफल पारौं।

# राष्ट्रिय सहकारी बैंक लि.

## केन्द्रिय कार्यालय ,कुपण्डोल, ललितपुर

### २०६८ पौष ३० गते सम्मको वित्तीय विवरण

| क.स. | विवरण | २०६८ आषाढ ३२ सम्मको | २०६८ पौष ३० सम्मको |
|---|---|---|---|
| | | रु. हजारमा | रु. हजारमा |
| १ | पूंजी तथा दायित्व | १,५०१,००३ | २,२४०,४६८ |
| १.१ | शेयर पुंजी | १८५,१५७ | २१०,३१२ |
| १.२ | जगेडा तथा कोषहरु | २०,३७५ | २०,३७५ |
| १.३ | ऋणपत्र तथा वण्ड | - | |
| १.४ | तिर्न बांकी कर्जा सापट | ३०,००० | ९५,५०० |
| १.५ | निक्षेप दायित्व | १,२३२,८६१ | १,८५४,५७४ |
| | स्वेदशी मूद्रा | १,२३२,८६१ | १,८५४,५७४ |
| | विदेशी मूद्रा | | |
| १.६ | आयकर दायित्व | ५२६ | ६,५९६ |
| १.७ | अन्य दायित्व | ३२,०८४ | ५३,१११ |
| २ | जम्मा सम्पत्ति | १,५०१,००३ | २,२४०,४६८ |
| २.१ | नगद तथा बैंक जम्मा | ५६६,९५८ | ८२५,०२९ |
| २.२ | लगानी | १०५ | १६०,१०५ |
| २.३ | कर्जा सापट तथा बिल खरिद | ९१५,०६२ | १,१९८,९६९ |
| २.४ | स्थिर सम्पत्ति | १०,४४७ | २३,०८३ |
| २.५ | अन्य सम्पत्ति | ८,४३१ | ३३,२८२ |
| ३ | नाफा नोक्सान हिसाव | | |
| ३.१ | ब्याज आम्दानी | १२८,२०५ | ११२,८१० |
| ३.२ | ब्याज खर्च | ७१,७०९ | ८०,३४३ |
| खूद ब्याज आम्दानी | | ५६,४९६ | ३२,४६७ |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ९,६२२ | ५,९०० |
| ३.५ | सटही घटबढ आम्दानी | - | - |
| जम्मा संचालन आम्दानी | | ९,६२२ | ५,९०० |
| ३.६ | कर्मचारी खर्च | १०,२५९ | १०,३०१ |
| ३.७ | अन्य संचालन खर्च | १३,६४७ | ८,३८३ |
| सम्भावित नोक्सानी व्यवस्था अगाडीको नाफा | | ४२,२१३ | १९,६८३ |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४,३४२ | २,२१० |
| संचालन नाफा | | ३७,८७१ | १७,४७३ |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | | |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ७१ | - |
| नियमित कारोबारबाट आम्दानी | | ३७,९४२ | १७,४७३ |
| ३.११ | असामान्य कारोबारबाट भएको मुनाफा/खर्च | | |
| कर्मचारी बोनस तथा आयकर अघिको नाफा | | ३७,९४२ | १७,४७३ |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | १,८०० | |
| ३.१३ | कर व्यवस्था | ७,२२८ | |
| खूद नाफा/(नोक्सान) | | २८,९१४ | १७,४७३ |

# राष्ट्रिय सहकारी बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरु

## राष्ट्रिय सहकारी बैंक लिमिटेड

### केन्द्रीय कार्यालय, कुपन्डोल, ललितपुर

कार्यालयहरूको विवरण

| क्र.स. | कार्यालय | ठेगाना | फोन न. | फ्याक्स न. |
|---|---|---|---|---|
| १. | केन्द्रीय कार्यालय | कुपन्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ |
| २. | शाखा कार्यालय | लगनखेल, ललितपुर | ०१-५५२९८७९ | ०१-५५२९८७९ |
| ३. | शाखा कार्यालय | चापागाउँ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ |
| ४ | शाखा कार्यालय | नयाँबानेश्वर, काठमाडौं | ०१-४४६१९०७ | ०१-४१०४१५० |
| ५ | शाखा कार्यालय | चावहिल, काठमाडौं | ०१-४४७५४७५ | ०१-४४७५४७५ |
| ६ | शाखा कार्यालय | गोगंबु, काठमाडौं | ०१-४३६४६३४ | ०१-४३६४६३४ |
| ७ | शाखा कार्यालय | कलंकी, काठमाडौं | ०१-४२८४३९९ | ०१-४२८४३९९ |
| ८ | शाखा कार्यालय | न्यूरोड, काठमाडौं | ०१-४२१६०२२ | ०१-४२१६०२२ |
| ९ | शाखा कार्यालय | विर्तामोड, झापा | ०२३-५४०६३३ | ०२३-५४०६३३ |
| १० | शाखा कार्यालय | दमक, झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ |
| ११ | शाखा कार्यालय | उर्लाबारी, मोरङ्ग | ०२१-५४१८६५ | ०२१-५४१८६५ |
| १२ | शाखा कार्यालय | विराटनगर, मोरङ्ग | ०२१-४७०८९८ | ०२१-४७०१५३ |
| १३ | शाखा कार्यालय | इटहरी, सुनसरी | ०२५-५८७७६७ | ०२५-५८७७६७ |
| १४ | शाखा कार्यालय | बारा, सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ |
| १५ | शाखा कार्यालय | हेटौडा, मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ |
| १६ | शाखा कार्यालय | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ |
| १७ | शाखा कार्यालय | घोराही, दाङ | ०८२-५६०९३६ | ०८२-५६१७५१ |
| १८ | शाखा कार्यालय | वीरेन्द्रनगर, सुर्खेत | ०८३-५२५२२९ | ०८३-५२५२२९ |
| १९ | शाखा कार्यालय | गोदामचोक, बाग्लुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| २० | शाखा कार्यालय | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२२९ |
| २१ | शाखा कार्यालय | दमौली, तनहुँ | ०६५-५६२२५२ | ०६५-५६२२५२ |
| २२ | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ |
| २३ | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ |
| २४ | शाखा कार्यालय | बनेपा, काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ |
| २५ | शाखा कार्यालय | चरिकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ |
| २६ | शाखा कार्यालय | धरान, सुनसरी | ९८५२०४९३५३ | |

# राष्ट्रिय सहकारी संघको उन्नाइसौं साधारणसभा सम्पन्न

काठमाडौं/ नेपालका सम्पूर्ण सहकारी सघ संस्थाहरुको छाता संगठन राष्ट्रिय सहकारी संघ लिमिटेडको १९ औ वार्षिक साधारणसभा २०६८ पुस २९ गते काठमाडौंको त्रिपुरेश्वरमा सम्पन्न भयो । साधारणसभाको उद्घाटन प्रधानमन्त्री डा.बाबुराम भट्टराइले गर्नु भएको थियो ।

सो अवसरमा बोल्दै प्रधानमन्त्री भट्टराइले अर्थतन्त्रका सबै क्षेत्रमा सहकारीले योगदान पुऱ्याउन सक्ने भएकाले सहकारीलाई व्यवस्थित गराउनु पर्नेमा जोड दिनुभएको थियो । सहकारी क्षेत्रलाई उत्पादन, उर्जा र गरिवी निवारणका लागि उपयोग गर्नुपर्नेमा जोड दिदै प्रधानमन्त्री भट्टराईले सहकारी तथा गरिबी निवारण मन्त्रालय आवश्यक रहेको धारणा राख्नु भएको थियो ।

सहकारी मार्फत जनताको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि राज्यले तीन खम्बे अर्थनीति ल्याएको र सहकारी क्षेत्र, निजी र सार्वजनिक क्षेत्रको सेतु बन्न सक्ने उहाँले बताउनुभयो । कार्यक्रममा कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्तले कृषि क्षेत्रको विकास बिना मुलुकको आर्थिक उन्नति नहुने र कृषिका लागि सहकारी क्षेत्र नै उपयुक्त हुने धारणा राख्नु भएको थियो ।

प्रस्तुत गर्दै सहकारी तथा गरिबी मन्त्रालय बनाउन तथा तीन खम्बे अर्थनीति अनुसार सहकारी क्षेत्रलाई बजेट छुट्टयाउन माग गर्नु भएको थियो । उहाँले अन्तर्राष्ट्रिय सहकारी वर्षभरि सहकारीको प्रबर्द्धन सम्बन्धी विविध गतिविधि सञ्चालन गर्न देशभरका सहकारी संघसंस्थाहरुलाई आह्वान गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दिपेन्द्रबहादुर क्षत्री, राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष दिपकप्रकाश बाँस्कोटा, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष सरोजकुमार शर्मा, कृषि तथा सहकारी मन्त्रालयका सचिव नाथुप्रसाद चौधरी, सहकारी विभागका रजिष्ट्रार सुदर्शन ढकाल, संघका सञ्चालक रविन्द्र के.सीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा संघका उपाध्यक्ष विजयराज घिमिरेले स्वागत, सञ्चालक सदस्य ओमदेवी मल्लले धन्यवाद र सञ्चालक सदस्य डिल्ली तिवारीले सञ्चालन गर्नु भएको थियो । साधारणसभाको बन्द सत्रमा अध्यक्षको प्रतिवेदन र लेखा समितिका संयोजक के.बी उप्रेतीले प्रस्तुत गरेको प्रतिवेदन माथि छलफल गरी पारित गरिएको थियो ।

यस्तै पूर्व उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारीले उत्पादनका क्षेत्रमा सहकारीलाई अगाडि बढाउन तिन खम्बे अर्थनीति ल्याइएको बताउनुभयो । जनताले उत्पादन बढी गर्न थालेभने निजी क्षेत्रलाई नै फाइदा हुने भएकाले सहकारी, निजी र सार्वजनिक क्षेत्रबीच समन्वय आवश्यक रहेको धारणा उहाँले राख्नु भएको थियो ।

संघका अध्यक्ष केशव बडालले संघको वार्षिक प्रतिवेदन



*राष्ट्रिय सहकारी संघ लि.को १९ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै प्रधानमन्त्री डा. बाबुराम भट्टराई साथमा संघका अध्यक्ष केशव बडाल, उपाध्यक्ष विजयराज घिमिरे लगायत*

# अन्तर्राष्ट्रिय सहकारी वर्ष सन २०१२ : सुनौलो अवसर

सन् १८४४ मा बेलायतको म्यानचेष्टर शहरमा मालिक र बजारिया पूँजीपतिहरूको शोषणबाट मुक्त हुन २८ जना मजदुरहरूले स्थापना गरेको उपभोक्ता सहकारी संस्था "The Rochdale Society of Equitable Pioneers" (द रोचडेल सोसाईटी अफ इक्वीटेवल पायोनियर्स) बाट आधुनिक सहकारी अभियानको शुरूवात भएको मानिन्छ। यसपछि क्रमैसँग युरोपका अन्य भू-भाग हुँदै विश्वभर फैलिएको यस अभियानलाई बिकासशील तथा विकसित सबै मुलुकहरूले आर्थिक विकासको मेरूदण्डको रूपमा स्वीकारेका छन्। हाल १ अर्ब मानिसहरू सहकारी क्षेत्रमा आबद्ध भई आफ्नो आर्थिक तथा सामाजिक रूपान्तरणमा लागेका छन्। अहिले संसारभर सहकारी क्षेत्रले १० करोड व्यक्तिहरूलाई रोजगारी प्रदान गरेको छ जुन बहुराष्ट्रिय कम्पनीहरूको तुलनामा २० प्रतिशतले बढी हुन आउँछ। यस अभियानले सदस्यहरुको आर्थिक आवश्यकता पूरा गरी गरीबी न्यूनिकरणमा सशक्त भूमिका निर्वाह गर्नुका साथै सामाजिक सदभाव र एकता कायम राख्नमा समेत अतुलनीय योगदान पुऱ्याईरहेको छ। विश्वमा आर्थिक मन्दीले पैदा गरेको संकटको घडीमा समेत सहकारी संघ/संस्थाहरुले आफ्ना सदस्यहरूलाई निरन्तर विश्वसनीय सेवा प्रदान गरेबाट पनि यस अभियानको सार्थकता थप उजागर भएको छ। लैगिक समानताका लागि समेत यो क्षेत्र अत्यन्त उपयुक्त माध्यम भएको कुरा प्रमाणित हुँदै आएको छ।

सहकारी आन्दोलनको यिनै विशेषता र योगदानलाई उच्च मूल्याङ्कन गर्दै संयुक्त राष्ट्र संघको १८ डिसेम्बर २००९ मा सम्पन्न ६४ औं महासभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षका रूपमा घोषणा गऱ्यो। राष्ट्र संघले आफ्ना सदस्य



**चित्राकुमारी सुब्बा**
**बरिष्ठ प्रबन्धक, राष्ट्रिय सहकारी संघ लि.**

राष्ट्रहरूलाई Cooperative Enterprises Build a Better World" ***"सहकारी व्यवसायद्वारा समृद्ध विश्वको निर्माण"*** भन्ने नाराका साथ अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ मनाउन आह्वान गर्दै ३१ अक्टोबर २०११ का दिन न्यूयोर्क अमेरिकामा यस वर्षको औपचारिक उद्घाटन समेत सम्पन्न गरिसकेको छ। संयुक्त राष्ट्र संघले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षको रुपमा घोषणा गर्नुका उद्देश्यहरू देहाय वमोजिम निर्धारण गरेको छ :

क) सदस्यहरूको हित तथा आर्थिक, सामाजिक विकासमा सहकारीको योगदानबारे आम जनसमुदायलाई जानकारी गराउने,

ख) सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन गर्ने,

ग) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उपयुक्त नीति, कानुन तथा नियमावली तर्जुमा गर्ने सरकार तथा नियामक निकायलाई प्रोत्साहन गर्ने।

विश्व सहकारी अभियानको नेतृत्वदायी निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए)ले कानकुन, मेक्सिकोमा १४ देखि १८ नोभेम्वर २०११ मा सम्पन्न महासभा मार्फत यस वर्षको औपचारिक उद्घाटन गरिसकेको छ। सबैभन्दा बढी सञ्जाल विस्तार भएको यस क्षेत्रले विकसित मुलुकहरूको अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको तथ्याङ्कहरू सार्वजनिक भएका छन्। विभिन्न तथ्याङ्कले फ्रान्स, संयुक्त राज्य अमेरिका र जर्मनीको कुल ग्राहस्थ्य उत्पादनमा सहकारी क्षेत्रले क्रमशः २८, १६ र १४ प्रतिशत योगदान पुऱ्याउनुका साथै नर्वे, न्यूजिल्याण्ड र अमेरिकाको दुग्ध उत्पादनमा ९९ प्रतिशत, कोरियाको मत्स्य उत्पादनमा ७१ प्रतिशत र डेनमार्क र हंगेरीको खुद्रा व्यवसायमा ५५ प्रतिशत हिस्सा ओगटेको पाइन्छ।

हाम्रो जस्तो विकासोन्मूख मुलुकमा सहकारी पद्धतिको महत्व र अपरिहार्यता अझ बढी छ। स्वतस्फूर्त रूपमा जानेर वा अन्जान मै भएपनि सहकारी संघ/सँस्थाहरुको गठनमा तीव्रता आएको छ। आम जनसमुदायलाई बचत गर्न प्रेरित गर्दै उद्यमशील बन्न सहयोग पुऱ्याउनुका साथै घरेलु हिंसा न्यूनीकरण तथा नेतृत्व विकासका लागि यस क्षेत्रको योगदान अत्यन्त उच्च रहेको छ। यसैको फलस्वरूप अन्तरिम संविधानले सहकारी क्षेत्रलाई राष्ट्रिय आर्थिक विकासको महत्वपूर्ण खम्बाको रूपमा स्वीकार गर्नुका साथै नेपाल सरकारले समेत चालु आ.व. २०६८/०६९ को वार्षिक नीति तथा कार्यक्रममा राज्यले संवैधानिक रुपमा अवलम्वन गरेको ***'निजी, सार्वजनिक र सहकारी'*** सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने उद्घोष गरेको छ। अहिले देशमा संचालित बचत तथा ऋण, दुग्ध, उपभोक्ता, तरकारी तथा फलफूल, चिया, कफी, मौरीपालन, उखु, विद्युत, स्वास्थ्य, सञ्चार लगायतका विविध प्रकृतिका

सहकारी संघ/संस्थाहरु मार्फत सदस्यहरूले सेवा र टेवा पाईरहेका छन् । "Learning by Doing" को सिद्वान्त अनुसार सिक्दै र अभ्यास गर्दै अगाडि बढेका मुलुकका कतिपय सहकारी संघ/संस्थाहरू अत्य मुलुकका सहकारीकर्मीहरूका लागि अध्ययन गर्ने थलोको रूपमा विकसित भएका छन् । बचत तथा ऋण, तरकारी तथा फलफूलको बजारीकरण, दुग्ध संकलन तथा प्रशोधन लगायतका कार्यहरूमा नेपालका सहकारी संघ/संस्थाहरूको क्रियाकलापहरू नमुनाको रूपमा विकसित हुन थालेका छन् ।

सरकारले चालु वर्षको बजेट मार्फत तीन खम्बे अर्थनीतिलाई व्यवहारिक रूप दिने उद्घोष गरेपश्चात देशको आर्थिक गतिविधिमा विगत लामो समयदेखि आधिपत्य जमाउदै आएको निजी क्षेत्र सरकार प्रति रूष्ट बन्दै सहकारी विरुद्ध खनिएको छ । फलस्वरुप यस विषयले राष्ट्रिय आर्थिक-राजनैतिक सेरोफेरोमा बहसको रूप लिएको छ । यद्यपि सरकारले तीन खम्बे अर्थनीति अनुसार सहकारी क्षेत्रको प्रवर्द्धनका लागि बजेट मार्फत तय गरेका कार्यक्रमहरु समेत आवश्यक बजेटको अभावमा कार्यान्वयन हुन नसक्ने सम्भावना देखिएको छ । राष्ट्रिय सहकारी नीतिको अभाव, सहकारी ऐन नियमावली समयसापेक्ष परिमार्जन हुन नसक्नु, उपयुक्त एवं सहकारी मैत्री राजस्व तथा कर नीतिको अभाव लगायतका समस्याले सहकारी क्षेत्रलाई अगाडि बढ्न अवरोध सिर्जना गर्नुका साथै उद्योग, पर्यटन, विद्युत, बीमा, विद्यालय सञ्चालन लगायतमा यस क्षेत्रको प्रशस्त सम्भावना हुँदा हुँदै पनि सम्बन्धित निकायगत ऐनहरूमा विद्यमान दुविधाले ती क्षेत्रमा समेत सहकारीको प्रवेशलाई निषेध गरेका छन् । सहकारी संघ/संस्था स्वनियमनमा आधारित भई संचालन हुने भए पनि आवश्यक तालिम तथा शिक्षाको अभावले कतिपय सहकारी संघ/संस्थाहरुले सहकारीका सुन्दर मूल्य, मान्यता तथा सिद्धान्तहरूको पूर्ण पालना गर्न सकेका छैनन् । प्रभावकारी अनुगमन तथा नियमनको अभाव, औपचारिक सहकारी शिक्षाको अभाव यसका चुनौतीहरू हुन् । समय समयमा सहकारी क्षेत्र सुदृढिकरणका लागि बनेका कार्यदलहरूको प्रतिवेदन कार्यान्वयन हुन नसक्नु र ठोस योजनाको अभावमा यस क्षेत्रले सोचे अनुरूप प्रगति गर्न नसकेको तीतो यथार्थ छ । यस्तो अवस्थामा संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय सहकारी महासंघले घोषणा गरेको अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ हामी सहकारीकर्मीहरूका लागि एउटा अवसरको रूपमा आएको छ । क्यानडा, न्यूजिल्याण्ड, अष्ट्रेलिया, जापान, सिङ्गापुर, भारत लगायतका विभिन्न मुलुकहरूले यस वर्षका अवसरमा विविध कार्यक्रमहरू संचालन गरी मनाउँदैछन् । वास्तवमै सहकारीकर्मीहरूका लागि यो वर्ष अत्यन्त उत्साहप्रद छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ मनाउन कृषि तथा सहकारी मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय समिति, कृषि तथा सहकारी मन्त्रालयका सचिवको संयोजकत्वमा केन्द्रीय कार्यान्वयन समिति र जिल्ला तहमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा जिल्ला कार्यान्वयन समितिको गठन गरेको छ । यसैबीच अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ राष्ट्रिय समितिले सन् २०१२ जनवरी १ तद्नुसार २०६८ पौष १७ गतेका दिन पत्रकार सम्मेलन गरी अन्तर्राष्ट्रिय सहकारी वर्षका अवसरमा राष्ट्रिय सहकारी नीति निर्माण तथा विद्यमान ऐन नियमलाई परिमार्जनका लागि पहल गर्ने, बचत तथा ऋण एवं सहकारी बैंक ऐन तर्जुमा, कृषि विकास बैंकको ऋणले समस्याग्रस्त पुराना सहकारी संघसंस्थाहरुको समस्या समाधानका लागि कार्यदल गठन, प्रथम सहकारी महासम्मेलन, साकोस शिखर गोष्ठी लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठी, लोक सेवा आयोगको पाठ्यक्रममा सहकारी शिक्षा समावेश, टेलिभिजन रेडियो कार्यक्रम, स्मारक निर्माण, रू. ५० र १०० दरका अन्तर्राष्ट्रिय सहकारी वर्षको लोगो अंकित सिक्का मुद्रण, हुलाक टिकट प्रकाशन, सहकारी सम्बन्धी चलचित्र निर्माण लगायतका कार्यक्रमहरू गर्ने जानकारी गराएको छ ।

यस ऐतिहासिक वर्षको उपलक्ष्यमा राष्ट्रिय सहकारी नीतिको घोषणा भए नेपालको सहकारी आन्दोलनको लागि महत्वपूर्ण उपलब्धी हुनेछ । यसै गरी सहकारी क्षेत्रका लागि दुविधायुक्त ऐन, कानुनहरूको परिमार्जन भई सहकारी मैत्री बनाउन सके थप उपलब्धीमूलक बन्नेछ । यस वर्षले सहकारी क्षेत्रले अहिले सम्म हासिल गरेका उपलब्धिहरुको अध्ययन अनुसन्धान, सफल सहकारी संघ/संस्थाहरुका प्रेरणादायी कथाहरूलाई रेडियो, टेलिभिजन, पत्रपत्रिका मार्फत प्रभावकारी रूपमा प्रकाशन तथा प्रशारण गरी आमसमुदाय विशेष गरी दुर्गम तथा ग्रामीण क्षेत्रमा पुऱ्याउनका लागि महत्वपूर्ण अवसर जुटाईदिएको छ । समग्र राष्ट्रिय अर्थतन्त्रको कुन-कुन क्षेत्रमा सहकारी क्षेत्रको योगदान के कति रहेको छ भन्ने बारेमा पनि विस्तृत अध्ययन हुन जरूरी देखिन्छ ।

मुलुकका उत्कृष्ट सहकारी संघ/संस्थाहरूको छनौट गरी तथ्यांक सहित सार्वजनिक गर्नुपर्दछ । युवा, महिला तथा विपन्न वर्गहरूलाई आकर्षित गर्ने अतिरिक्त क्रियाकलापहरूको आयोजना, अन्तर्राष्ट्रिय निकायहरूसँगको सम्वन्ध विस्तार तथा अन्य मुलुकमा भएको शीप, ज्ञान र प्रविधिलाई भित्र्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू गर्न सके सन् २०१२ सहकारी क्षेत्रका लागि उपलब्धीमुलक रहनेछ । सहकारी व्यवसाय प्रवर्द्धनका लागि सहकारी प्रदर्शनीको आयोजना, सम्भाव्य व्यवसायका लागि निःशुल्क मेशिनरी औजारहरूको वितरण लगायतका कार्यक्रम हुन जरूरी रहेको छ । थोपा थोपा मिलेर समुद्र बने झैं प्रारम्भिक सहकारी संस्थाहरू, जिल्ला संघहरु, केन्द्रीय तथा राष्ट्रिय स्तरका सहकारी संघहरु, सरोकारवाला निकायहरू लगायत सम्पूर्ण सहकारीकर्मीहरू ऐक्यवद्ध भएर लागेमा मात्र यो वर्षले सोचे अनुरूप सफलता पाउन सक्छ । हामी सवै सहकारीकर्मीहरु गोलबद्ध भएर यस वर्ष सहकारी मार्फत समृद्ध नेपाल निर्माण तर्फ सानो प्रयास मात्र गर्न सक्यौं भने पनि राष्ट्रसंघले सहकारी व्यवसाय मार्फत समृद्ध विश्व निर्माणका लागि गरेको प्रणमा थप सहयोग पुग्ने देखिन्छ ।

*जय सहकारी*

# राष्ट्रिय सहकारी बैंकको नवौं स्थापना दिवस

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको नवौं स्थापना दिवस २०६८ असार २५ गते मनाइयो। स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले मुलुकको अर्थतन्त्रलाई मजवुत बनाउनका लागि जनतालाई मालिक बनाउने सहकारी उद्यमलाई व्यवस्थित गराउन राज्यले स्पष्ट नीति बनाउनु पर्नेमा जोड दिएका थिए।

उक्त कार्यक्रममा कृषि तथा सहकारी मन्त्री हरिनारायण यादवले राज्यको नीति निर्माणका क्रममा ६५ प्रतिशत जनसंख्याको जीउने आधार बनेको कृषि क्षेत्रलाई वेवास्ता गर्ने गरेको गुनासो गर्नुभएको थियो। कृषि तथ सहकारी क्षेत्र प्राथमिकतामा नपर्दा सम्म मुलुकको अर्थतन्त्रको मुख्य आधार स्तम्भ दिगो हुन नसक्ने समेत वहांले बताउनुभएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडालले विश्वका ७ खर्ब जनतालाई सहकारीका बारेमा जानकारी गराउन र सहकारी सहितको मिश्रीत अर्थतन्त्रवाट विश्वलाई अगाडि वढाउने लक्षका साथ संयुक्त राष्ट्र संघले सन २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्ष मनाउन लागेको बताउनुभएको थियो। मुलुकको अर्थतन्त्र सार्वजनिक, सहकारी र निजी हुन् भनी संविधान सभामा रहेका राजनीतिक दलहरुबीच सहमती भइसकेको विषयलाई व्यक्तिगत स्वार्थका कारण उल्टाउने धम्की दिनेहरुलाई विश्वको अर्थतन्त्र अध्ययन गर्न आग्रह गर्दै बडालले कसैको धम्कीले सहकारी क्षेत्र कमजोर नहुने बताउनु भएको थियो।

कार्यक्रममा सभासद तथा बैंकका सल्लाहकार केशव नेपालले विचौलियाहरुको अन्त्य गरी जनतालाई नै मालिक बनाउने सबैभन्दा उपयुक्त माध्यम सहकारी भएकाले कसैको लहड र धम्कीका पछि नलागी राज्यले सहकारी व्यवसायलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने धारणा राख्नु भएको थियो। राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष सरोजकुमार शर्माले सहकारीका दुश्मनहरु सरकारी उद्योग सकेर आफनो व्यापार बढाउने ध्याउन्नमा रहेको आरोप लगाउदै सहकारीलाई राज्यले सही रुपम सम्बोधन गर्नुपर्ने बताउनुभएको थियो।

राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष तथा बैंकका सल्लाहकार दिपकप्रकाश बास्कोटाले संयुक्त राष्ट्रसंघले उपयुक्त मानेको सहकारी उद्यमलाई केही निजी व्यवसायीहरुले विरोध गर्ने र सरकार त्यसैका पछि कुद्ने कार्यले मुलुकको अर्थतन्त्र सबल नबन्ने बताउनुभएको थियो। सहकारी विभागका रजिष्ट्रार सुदर्शन ढकालले सहकारीको विरोध गर्नेहरु सहकार्यको विरोधी हुनुका साथै उनीहरुलाई अर्थतन्त्रको बारेमा जानकारी छैन भन्ने पुष्टि हुने बताउनुभएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका सञ्चालक ओमदेवी जोशी मल्ल, नेपाल उपभोक्ता केन्द्रीय सहकारी संघका अध्यक्ष दिपकराज पौडेल, नेपाल केन्द्रीय मौरीपालक सहकारी संघका अध्यक्ष गणेश बस्नेत, नेपाल कृषि केन्द्रीय सहकारी संघका अध्यक्ष खेम पाठक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका महासचिव डिबी बस्नेत, राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक सिवी लामा लगायतले सहकारी बैंकले छोटो समयमा गरेको प्रगति राम्रो रहेको भन्दै थप प्रगतिका लागि शुभकामना दिनुभएको थियो। राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीको स्वागत र सञ्चालक सदस्य सरिता भट्टराईले सञ्चालन गरेको कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के बी. उप्रेतीले केन्द्रिय कार्यालयको कारोवार कुपोण्डलको सगरमाथा भवनवाट संचालन हुने जानकारीका साथै बैंकको गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो।

२०६० असार २५ गते स्थापना भइ ०६१ साउन १९ गतेदेखि काठमाडौंको नयाँ बानेश्वरबाट कारोबार शुरु गरेको राष्ट्रिय सहकारी बैंकको केन्द्रीय कार्यालय २०६८ साउन १९ गतेदेखि ललितपुरको कुपण्डोलमा सरेको छ।

## आज अन्तर्राष्ट्रिय ..................................

संयोजकत्वमा ३१ सदस्यीय जिल्ला समिति बनाउने निर्णय गरेको छ। २०६८ पुस १७ गते बसेको राष्ट्रिय समितिको पहिलो वैठकले नेपालमा माघ १३ गतेका दिन अन्तर्राष्ट्रिय सहकारी दिवसको उद्घाटन प्रधानमन्त्री भट्टराइबाट गराउने निर्णय गरेको थियो। उद्घाटन कार्यक्रम सम्पन्न गर्नका लागि राष्ट्रिय सहकारी संघका उपाध्यक्ष विजयराज घिमिरेको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको छ।

जनताको आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय विकासका साथै सामाजिक न्याय स्थापित गर्दै समतामुलक समाज निर्माणका लागि सहकारीको महत्व र गरिमामय भूमिकाको अपरिहार्यतालाई आत्मसात गरी संयुक्त राष्ट्र संघले सन २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने घोषणा गरी सबै सदस्य राष्ट्रहरु मार्फत अन्तर्राष्ट्रिय समुदायलाई आव्हान गरेको छ।

**'सहकारी व्यवसायद्वारा समृद्ध विश्वको निर्माण'** भन्ने मुल नाराका साथ आम जनतामा सहकारी प्रतिको चेतना अभिवृद्धि गर्ने, संघ/संस्थाहरुका व्यवसाय विकास र पहुँच वृद्धिमा सहयोग गर्ने तथा यस क्षेत्रको प्रवर्द्धनका लागि सहकारीमैत्री नीति तर्जुमा गर्न सरकार तथा सरोकारवाला निकायहरुलाई प्रोत्साहन गर्ने अन्तर्राष्ट्रिय सहकारी वर्षको मुख्य उद्देश्य हो।

विश्व सहकारी आन्दोलनको नेतृत्वदायी निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) ले अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ भव्य रुपमा मनाउन संसारभरका सदस्य संघ संस्थाहरु मार्फत सबै सहकारीकर्मीहरुलाई ऐक्यवद्ध हुन आव्हान गरेको छ। नेपालको सामाजिक आर्थिक रुपान्तरण गर्न र नयाँ संघीय गणतान्त्रिक संविधान बन्ने प्रक्रियामा रहेको वर्तमान समयमा अन्तर्राष्ट्रिय सहकारी जगतसंग हातेमालो गर्दै सहकारी क्षेत्रको महत्व र भूमिकालाई अझ सशक्त पार्ने अवसरको रुपमा यो वर्षलाई लिइएको र अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ का अवसरमा सबैले आ-आफ्नो तर्फबाट सक्रियतापूर्वक सहभागी भई योगदान पुऱ्याउन र यसलाई अधिक उपलब्धीमुलक बनाउन राष्ट्रिय समितिले अपिल गरेको छ।

सहकारी वर्षका अवसरमा राष्ट्रिय स्तरमा र जिल्ला तहमा समेत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिदैछ।

# धरानमा सहकारी बैंकको पच्चीसौं शाखा उद्घाटन

## दैलेख र भक्तपुरमा शाखाका लागि तयारी अन्तिम चरणमा

## धनुषा र महोत्तरीमा शाखा स्थापनाका लागि भेला सम्पन्न

**धरान**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको २५ औ शाखाको २०६८ माघ २ गते सोमबार सुनसरीको धरानमा उद्घाटन भएको छ। बैंक सञ्चालक समितिका अध्यक्ष रमेशप्रसाद पोखरेलले उक्त शाखाको उद्घाटन गर्नुभएको थियो। सो अवसरमा बोल्दै उहाँले सहकारीहरुको बढ्दो आकर्षणका कारण सरकार सहकारीप्रति सकरात्मक हुँदै गएको बताउनु भएको थियो।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले मुलुकभर २५ वटा शाखा सञ्चालन गरेर सहकारी संघ संस्थाहरुसंग कारोबार गर्दै आएको जानकारी गराउँदै उहाँले यसै आर्थिक वर्षभित्र ४० वटा शाखा स्थापना गर्ने लक्ष्य रहेको बताउनुभयो। २०६० सालमा स्थापना भएको बैंकले थोरै समयमा नै धेरै सफलता हासिल गरेको दावी गर्दै अध्यक्ष पोखरेलले सहकारी बैंकलाई सबै सहकारीहरुको केन्द्रीय बैंक बनाउने प्रयत्न भैरहेको बताउनुभयो।

कार्यक्रममा बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक सदस्य केशवप्रसाद पोखरेलले सहकारीको भावनाबाटै समग्र समाजको आर्थिक जीवनमा परिवर्तन आएको बताउनुभयो। त्यसैगरी सहकारी प्रशिक्षण डिभिजन कार्यालय सुनसरीका प्राचार्य उपेन्द्रबहादुर ढुंगानाले सहकारीहरुले समाजको आर्थिक विकासमा ठुलो टेवा पुऱ्याएको दावी गर्नुभयो। जिल्ला सहकारी समन्वय समिति सुनसरीका संयोजक सोमबहादुर श्रेष्ठले सहकारीको विकासका लागि सहकारीकर्मीहरु एकजुट भएर लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा बचत तथा ऋण जिल्ला सहकारी संघ सुनसरीका उपाध्यक्ष खम्बसिंह गुरुङ, बैंक व्यवस्थापन समितिका संयोजक नरेशकुमार इवारम लगायतले मतव्य व्यक्त गर्नुभएको थियो। धरानमा राष्ट्रिय सहकारी बैंकमा ६० वटा संस्था आवद्ध भएका छन्। बैंकमा सदस्य संघ संस्था थपिने क्रम जारी रहेको बैंक व्यवस्थापन समितिका संयोजक नरेश कुमार इवारमले जानकारी दिनुभयो।

**दैलेख**

यसैगरी राष्ट्रिय सहकारी बैंक लिमिटेडले भक्तपुर र दैलेखमा शाखा स्थापना गर्दैछ। दैलेखमा बैंकको शाखा स्थापनाका लागि सम्पूर्ण प्रक्रिया पूरा भइसकेको र २०६८ माघ २१ गते उद्घाटन गर्ने कार्यक्रम रहेको बैंकका सञ्चालक सदस्य हरिहरनाथ योगीले जानकारी दिनुभयो। दैलेखका ७० वटा सहकारी राष्ट्रिय सहकारी बैंकमा आवद्ध भइसकेका र सहकारीकर्मीहरुको सक्रियताले बैंकको शाखा स्थापना गर्न लागिएको उहाँले बताउनुभयो।

**भक्तपुर**

यसैगरी, भक्तपुर जिल्लामा बैंकको शाखा स्थापना गर्नका लागि जिल्ला अन्तर्गतका सहकारी संघ संस्थाहरुको भेला २०६८ भाद्र २६ गते अरनिको नमुना बचत तथा ऋण सहकारी संस्था लि. को सभाहलमा र २०६८ भाद्र २७ गते डिभिजन सहकारी कार्यालयमा करिब १०० सहकारी संस्थाका १५० प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको थियो। कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी संघका उपाध्यक्ष एवं राष्ट्रिय सहकारी बैंकका सञ्चालक विजयराज घिमिरेले सहकारी बैंकले शाखा सञ्चालन अभियान सञ्चालन गरेपछि सहकारी संघ सस्थाहरुको सहभागिता र सक्रियता बढेको बताउनु भएको थियो। भेलामा बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारीलाई स्थायित्व बनाइ व्यवसायीकरण गर्दै जानुपर्नेमा जोड दिनुभएको थियो।

सहकारी अभियानलाई गाउँ गाउँमा पुऱ्याइ बढी भन्दा बढी जनतालाई सहकारी मार्फत लाभान्वित गर्नु पर्नेमा जोड दिनुभएको थियो। बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले बैंकको गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो। बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारीले सहकारीकर्मीहरुको इच्छा शक्ति भएमा सहकारी बैंकको शाखा स्थापना सजिलै हुन सक्ने बताउनु भएको थियो।

डिभिजन सहकारी कार्यालय भक्तपुरका प्रमुख हरि वाशिष्ठको अध्यक्षता, बैंकका सञ्चालक सदस्य मुकुन्द दाहालको सञ्चालन र संचालक सदस्य सरिता भट्टराईको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो। भक्तपुरको शंखधर चोकमा बैंकको शाखा सञ्चालनका लागि कार्यालय व्यवस्थित भैरहेको सञ्चालक भट्टराईले जानकारी दिनुभयो।

**धनुषा**

जिल्ला बचत तथा ऋण सहकारी संघ धनुषाको आयोजनामा सहकारी बैंकको शाखा संचालनका लागि २०६८ माघ ३ गते जनकपुरमा भेला सम्पन्न भयो।

भेलामा बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाहरुले ग्रामीण क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको चर्चा गर्दै राज्यले राष्ट्रिय सहकारी बैंक र संघ संस्थाको विकासमा सरकारले गम्भिरता लिएको बताउनुभयो। सो अवसरमा बैंकका प्रबन्ध सन्चालक के.बी. उप्रेतीले बैंकको कार्य तथा प्रगती बारे प्रकाश पार्दै सहकारी संघ संस्थालाई सहकारी बैंकको अझ बढी आवश्यकता हुँदै आएको बारे जोड दिनुभयो। लेखा समिति संयोजक कुलचन्द्र अधिकारीले तराई पहाड हिमाल सबै क्षेत्रमा सहकारी बैंकको आवश्यकता भएको र यस तराइको प्रमुख नगरी जनकपूर यसको लागि महत्वपूर्ण कार्य क्षेत्र भएको प्रष्ट पार्नुभयो।

जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष ध्रुवनारायण यादवको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा डिभिजन सहकारी कार्यालय धनुषाका सहकारी अधिकृत प्रमेश्वर यादव, जिल्ला सहकारी संघ धनुषाका अध्यक्ष हरिश्चन्द्र दरिय, जिल्ला उखु संघका अध्यक्ष जिवध महतो, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष राम आशिष यादव, स्थानीय शान्ति समिति धनुषाका संयोजक फूल कुमारी महतो सहितका वक्ताहरुले सहकारी संघ संस्था र बैंकको विकासका बारेमा बोल्नु भएको थियो। विभिन्न संघ संस्थाका २ सय ५१ जना प्रतिनिधिहरुको उपस्थितिमा भएको उक्त भेलाले ध्रुव नारायण यादवको संयोजकत्वमा नौ सदस्यीय सहकारी बैंक समन्वय समितिका साथै सल्लाहकार समिति समेत गठन गरेको छ।

**महोत्तरी**

यसैबीच राष्ट्रिय सहकारी बैंकको शाखा सञ्चालनका लागि महोत्तरीको जलेश्वरमा २०६८ माघ ४ गते त्यहाँका सहकारीकर्मीहरुबीच भेला सम्पन्न भएको छ। भेलामा प्रमुख अतिथि बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सहकारी बैंक मुलुकको सबैभन्दा धेरै जनता आवद्ध रहेको वित्तिय संस्थाका रुपमा स्थापित भएको बताउनुभयो। उहाँले सहकारी बैंकलाई सबै सहकारीको केन्द्रीय बैंक बनाउनका लागि सहकारीकर्मीहरु एकतावद्ध हुनु पर्नेमा जोड दिनुभयो। कार्यक्रममा विशिष्ठ अतिथि बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, डिभिजन सहकारी कार्यालय महोत्तरीका अधिकृत लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो।

जिल्ला सहकारी संघ लि. महोत्तरीका अध्यक्ष तथा राष्ट्रिय सहकारी संघका सञ्चालक लक्ष्मण यादवको अध्यक्षतामा सम्पन्न भेलाले उहाँकै संयोजकत्वमा ९ सदस्यीय बैंक समन्वय समिति गठन गरेको छ।

## राष्ट्रिय सहकारी ..........

समितिका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक सदस्य तथा आठौं वार्षिक साधारणसभा मुल आयोजक समितिका संयोजक सरिता भट्टराईको स्वागत र सञ्चालक सदस्य मुकुन्द दाहालको सञ्चालनमा सम्पन्न भएको थियो ।

साधारणसभामा अध्यक्ष पोखरेलले अध्यक्षको प्रतिवेदन, प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । साधारणसभामा बैंकले पहिलो पटक प्रकाशन गरेको स्मारिका-०६८ र जिल्ला बचत तथा ऋण सहकारी संघ लि.कास्कीका अध्यक्ष भीम गुरुङले प्रकाशित गरेको सहकारी शब्दकोष र सामान्यज्ञान पुस्तक प्रमुख अतिथि कृषि तथा सहकारी मन्त्री दत्तले विमोचन गर्नु भएको थियो ।

सो अवसरमा राष्ट्रिय सहकारी बैंकका २१ वटा शाखामा आर्थिक वर्ष २०६७/०६८ मा बचत र कर्जातर्फ उत्कृष्ट कारोबार गर्ने एक/एक वटा संस्था गरी ४२ वटा संघ-संस्थालाई पुरस्कृतको घोषणा गरिएको थियो ।

साधारणसभाको बन्द सत्रले अध्यक्षको प्रतिवेदन, प्रवन्ध सञ्चालकको नीति, कार्यक्रम र प्रगति प्रतिवेदन तथा लेखा समितिको प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको थियो ।

यस्तै बन्द सत्रले राष्ट्रिय सहकारी बैंकको विनियममा साधारणसभा प्रतिनिधिमुलक बनाउने, कुल शेयर पूँजि १ अर्ब बनाउने, कर्जा सूचनाकेन्द्र सञ्चालन गर्ने र साधारणसभा आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र सम्पन्न गर्ने गरी उल्लेख गर्ने प्रस्ताव पारित गरेको छ ।

मुलुकमा सहकारी क्षेत्र व्यापक बन्दै गएकाले यसलाई व्यवस्थित गर्नका लागि तत्काल छुट्टै सहकारी मन्त्रालय गठन गर्न, सहकारी क्षेत्रको विकास गर्न निश्चित समयका लागि करमुक्त गर्न, राज्यका विभिन्न

## आठौ वार्षिक साधारणसभामा पुरस्कृत सहकारी संघ संस्थाहरू

१. सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भिमसेनगोला, काठमाडौं ।
२. ॐ उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नयाँबानेश्वर, काठमाडौं ।
३ बागलुङ दुग्ध उत्पादक सहकारी संघ लिमिटेड, बागलुङ नगरपालिका-२, बागलुङ ।
४. आदर्श सञ्चार सहकारी संस्था लिमिटेड, बागलुङ नगरपालिका-३, बागलुङ ।
५. सिद्धार्थ बहुउद्देशीय सहकारी संस्था लिमिटेड, बीरेन्द्रनगर-सुर्खेत ।
६. उज्ज्वल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बीरेन्द्रनगर-६, सुर्खेत ।
७. हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सिमरा, बारा ।
८. ओम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ईनारवारी, रौतहट ।
९. दुर्गा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ईटहरी-१, सुनसरी ।
१०. किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, एकम्बा-४, सुनसरी ।
११. लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुटवल, रुपन्देही ।
१२. समावेशी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, करहिया, रुपन्देही ।
१३. शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चरिकोट, दोलखा ।
१४. जनमुखी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काब्रे-३, दोलखा ।
१५. मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड हेटौडा-४, मकवानपुर
१६. श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौडा-१, मकवानपुर ।
१७. प्रकाश बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मझारे, मोरङ्ग ।
१८. नौलो विहानी कृषि सहकारी संस्था लिमिटेड, अमरदह, मोरङ्ग ।
१९. व्यास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, व्यास-२, तनहूँ ।
२०. खड्कमाई आमा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बन्दिपुर-२, तनहूँ ।
२१. माछापुच्छ्रे सहकारी संस्था लिमिटेड, चिप्लेढुङ्गा-४, कास्की ।
२२. शिसुवा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लेखनाथ-८, कास्की ।
२३. नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, दमक, झापा ।
२४. इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, लखनपुर-झापा ।
२५. मातृभूमि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,विदुर-१, नुवाकोट ।
२६. लायन बचत तथा ऋण सहकारी संस्था लिमिटेड विदुर-४, नुवाकोट ।
२७. गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड सातदोबाटो, ललितपुर ।
२८. श्रीगणेश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सौगल, ललितपुर ।
२९. गोरेटो बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चावहिल, काठमाण्डौं ।
३०. मुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड, जोरपाटी-२, काठमाडौं ।
३१. चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महादेवस्थान, थानकोट, काठमाडौं
३२. सीतापाईला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सितापाईला, काठमाडौ ।
३३. ग्रामीण कृषि विकास सहकारी संस्था लिमिटेडचापागाउँ-५, ललितपुर ।
३४. श्रीमाई बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चापागाउँ-६, ललितपुर
३५. सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,उर्लावारी, मोरङ्ग ।
३६. चिनारी कृषि सहकारी संस्था लिमिटेड, पथरी, मोरङ्ग ।
३७. सिविल बचत तथा ऋण सहकारी संस्था लिमिटेड,छत्रेबाँझ दाप्चा-७, काभ्रे
३८. चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बनेपा-५, करुणामार्ग, काभ्रे
३९. मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, गोगंबु, काठमाडौ ।
४०. चिरायु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, मनमैजु, काठमाडौं ।
४१. संकटा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पाको न्यूरोड, काठमाडौ ।
४२. द्रव्यलाभ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महाबौद्ध, काठमाडौ ।

कोषहरुबाट सहकारी क्षेत्रमा जाने रकमलाई एकीकृत रुपमा सबै सहकारी संघ संस्थाहरुको बैंकका रुपमा स्थापना भएको राष्ट्रिय सहकारी बैंक मार्फत लैजान बन्द सत्रले सरकारसंग माग गरेको छ।

नयाँ बन्ने संविधानमा सहकारी क्षेत्रलाई स्पष्ट रुपमा सम्बोधन गर्न, यसै आर्थिक वर्षभित्र राष्ट्रिय सहकारी बैंक ऐन ल्याउन समेत माग गरिएको छ। राष्ट्रिय सहकारी बैंकले आर्थिक वर्ष २०६७/०६८ को कारोबारबाट आफ्ना शेयर सदस्यहरुलाई १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

नेपालमा स्थापना भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवं तिनीहरूको वित्तीय आवश्यकतालाई पुरा गरी ती संघ/संस्थाहरूलाई बैकिङ्ग सेवामा पहुँच दिन तथा अन्य वित्तीय सेवा सुविधाहरू उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग पुर्‍याउने उद्देश्यले २०६० आषाढ २५ गते दर्ता भएको यो बैंक सहकारी क्षेत्रको एक मात्र बैंक हो।

यस बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरू बीच २०६१ साउन १९ गतेदेखि कारोवार गर्दै आएको छ। बैंकलाई २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त भएको छ। बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ लिमिटेड, केन्द्रीय सहकारी संघहरू, बिभिन्न जिल्ला सहकारी संघहरू, बिषयगत जिल्ला सहकारी संघहरू, विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरूसमेत हाल ६६ जिल्लाका ३ हजार ६ सय ५५ संघ-संस्थाहरु शेयर सदस्य रहेका छन्। नेपाल सरकारको १ करोड सहित बैंकको शेयर रकम २१ करोड १० लाख, निक्षेप १ अर्ब ८५ करोड रहेको बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो। सहकारी बैंकको केन्द्रीय कार्यालय सहित सबै शाखामा गरी हाल ८७ जना कर्मचारी कार्यरत रहेको बैंकका प्रबन्धक नवराज उपाध्यायले बताउनुभयो।

बैंकका हालसम्म मोरङको बिराटनगर र उर्लाबारी, बागलुङ, रुपन्देहीको बुटवल, कास्कीको पोखरा, ललितपुरको चापागाउँ र लगनखेल, तनहुँको दमौली, झापाको विर्तामोड र दमक, मकवानपुरको हटौडा, नुवाकोट्को बिदुर, काभ्रेको बनेपा, काठमाडौंको न्यूरोड, गोंगवु, कलंकी, बानेश्वर र चावहिल, सुर्खेत, सुनसरीको इटहरी, स्याङ्जाको वालिङ, दाङको घोराही, दोलखाको चरिकोट र बाराको सिमरा तथा सुनसरीको धरानमा गरी २५ वटा शाखा कार्यालयहरू स्थापना भइसकेका छन्। भक्तपुरमा पनि शाखा सञ्चालनको सम्पूर्ण प्रक्रिया पुरा भई सम्पर्क कार्यालय सञ्चालन भइसकेको छ भने माघ २१ गते दैलेखमा २६ औ शाखा उद्घाटन हुदैछ।

ग्रामीण क्षेत्रमा समेत कारोवारको पहुँच पुग्ने गरी शाखा विस्तार गर्दै लैजाने बैंकको नीति अनुरुप हाल दुर्गम जिल्लाहरूमा पनि थप शाखा कार्यालय स्थापनाका निमित्त नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनका लागि प्रक्रिया अगाडि बढाइएको छ। सदस्यता नरहेका बाँकी ९ जिल्लामा यसै वर्ष सदस्यता विस्तार गर्ने योजना बैंकको रहेको छ।

# सहकारीका केही शब्द .......

## अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ का सन्दर्भमा



**कुलचन्द्र अधिकारी**
**लेखा समिति संयोजक, राष्ट्रिय सहकारी बैंक लि.**

हामी जुटौं, सहकारीको ब्यानर बोकी बोकी
राज्य शक्ति हाम्रो पछि लाग्छ, सहयोग गर्छु भनी

सहकारी विश्वव्यापी, आर्थिक क्षेत्रको लहर
सबै राष्ट्र जुटेको छ सहकारीले बनाउँछ सबै बस्तीलाई शहर

सहकारी विश्वभरि एउटै झण्डा फरर
सहकारीका सात सिद्धान्तले गाइड गर्छ संसार

सहकारीको जनतासँग सिधै सरोकार
आर्थिक क्रान्ति सम्पन्न गर्न सहकारीकै विश्वास गर

सहकारीको झण्डा राम्रो इन्द्रेणीको सातै रङ्ग
सबै रङ्को अर्थ खुल्छ, हामी सबैलाई जान्नुपर्ने हुन्छ
*१) रातो - समृद्धिको प्रतीक*
*२) सुन्तला - प्रगतिको प्रतीक*
*३) पहेंलो - न्यायको प्रतीक*
*४) हरियो - शान्तिको प्रतीक*
*५) आकाशे निलो - अहिंसाको प्रतीक*
*६) निलो शुद्ध - प्रेमको प्रतीक*
*७) बैजनी - सत्यको प्रतीक*
"विश्वव्यापी शान्तिको मार्ग सहकारी आन्दोलनको आवश्यकता,
आर्थिक क्षेत्र धमिलोपनलाई शुद्ध बनाउँछ सहकारी अभियानले
नै पूर्ण रुपमा सफलता" सन २०१२ अन्तर्राष्ट्रिय सहकारी वर्ष
हामी सबैको महान उत्सव, विश्वव्यापी उत्साह
सहकारी आन्दोलन विश्वभरको सफलताको नमुनाको प्रवाह
सहकारी वर्ष सफल बनाउने हामी सबैको कर्तव्य
जय सहकारी वर्ष सन २०१२, वि..स.२०६८।१०।१३

### सहकारीका सात सिद्धान्त :

१. स्वेच्छिक तथा खुल्ला सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक, नियन्त्रण
३. सदस्यको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा तालिम र सूचना
६. सहकारी संस्थाहरुकाबीच सहयोग
७. समुदायप्रति चासो

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको साधारणसभाका झलकहरु



राष्ट्रिय सहकारी बैंक लिमिटेडको पाँचौं वार्षिक साधारणसभाबाट
निर्वाचित सञ्चालक तथा लेखा समितिका पदाधिकारी तथा सदस्यहरु




झापामा सम्पन्न राष्ट्रिय सहकारी बैंक लिमिटेडको छैठौं वार्षिक साधारणसभाको उद्घाटन समारोह




राष्ट्रिय सहकारी बैंक लिमिटेडको काभ्रेमा सम्पन्न सातौं वार्षिक साधारणसभामा बोल्दै सभामुख सुवासचन्द्र नेम्वाङ

# राष्ट्रिय सहकारी बैंक लि. को आठौं वार्षिक साधारणसभाको झलक




राष्ट्रिय सहकारी बैंक लि. को आठौं वार्षिक साधारणसभाको अवसरमा भक्तपुरमा निकालिएको प्रभातफेरी




आठौं वार्षिक साधारणसभाको बन्दशत्रमा बैंक सञ्चालक र लेखा समितिका पदाधिकारी तथा सदस्यहरु



आठौं वार्षिक साधारणसभाको बन्दशत्रका सहभागी प्रतिनिधिहरु

पत्राचार:

नाम : ______________________________

ठेगाना : ______________________________